मितिः २०८०/०६/२५

श्री अध्यक्ष ज्यू,
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला ।

**विषयः ध्यानाकर्षण सम्बन्त्रमा ।**

प्रस्तुत विषयमा अदानचुली गाउँपालिकाले करार कर्मचारी आवश्यकता सम्बन्धि मिति २०७९।०४।०९ को गाउँपालिका कार्यालयको सूचना बोर्ड र मिति २०७९।०४।१५ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसारका रिक्त दरबन्दिमा हामीहरुलाई मिति २०७९।०८।०८ गते पालिका अध्यक्ष ज्यूको लिखित निर्देशन (निर्देशन पत्र यसै आवेदनसाथ संलग्न गरिएको छ ) अनुसार गाउँपालिकाको विभिन्न पदमा सोहि मितिमा पालिकासँग दोहोरो करारनामा गरी करार कर्मचारीका रुपमा कार्यरत रहेको व्यहोरा पुनःस्मरण गराउँदछौं ।

नेपाल सरकार वा मातहतका कुनैपनि निकायमा काम गर्ने कर्मचारीलाई उनले प्राप्त गर्ने पारिश्रमिक हरेक महिनामा उपलब्ध गराउने व्यवस्था सरकारको शु-साशन ऐन र श्रम ऐन २०७४ को दफा ३५ को उपदफा २ ले पनि स्पष्ट पारेको यहाँलाई अवग नैं छ। यद्यपी हामी कराका कर्मचारीले नियुक्त भएको आर्थिक वर्ष २०७९।८० समाप्त भएर नयाँ आर्थिक वर्ष २०८०।८१ शुरु भएको तीन महिन बित्दा पनि पारिश्रमिक दिने कुरामा कुनै चासो नदेखाएको देख्दा संघीय लोकतान्त्रीक गणतन्त्रको स्थापित मूल्य मान्यता र प्रचलित नेपालका कानूनको बर्खिलाप गर्ने काम भएको महशुस हामीहरुले गरेका छौं । ऐनको परिच्छेद ८ को दफा ३४ अनुसार पाउनु पर्ने पारिश्रमिक हामी सबै करार कर्मचारीले अहिलेसम्म पाएका छैनौं ।

करारनामा भएको महिना पछि हामीले पाउनु पर्ने कानून अनुसारको पारिश्रमिक पटक-पटक मागदावी गर्दा पालिका भित्रको आन्तरिक विवादको कारण देखाई एकमुष्ठ भुक्तानी गर्ने जवाफ आउने गरेको तर आर्थिक वर्षको अन्तमा सँगै नियुक्त भएका करारका अन्य कर्मचारीलाई जिम्मेवार पदाधिकारीको चिटका आधारमा पारिश्रमिक भुक्तानी भएको रेकर्ड पालिकाको लेखा शाखाबाट प्राप्त गर्दा हामीलाई दुःखमात्रै लागेको छैन्, श्रम ऐन २०७४ को दफा ५ को उपदफा १ अनुसार पालिकाबाटैं भेदभावपूर्ण व्यवहार भएको प्रमाणित हुन्छ । नेपालीहरुको महान चार्ड दशैं र तिहारको सम्मुखमा ऐनको दफा ३७ अनुसार चार्डपर्व खर्च उपलब्ध गराउनु पर्नेमा हामीले पाउनुपर्ने न्यूनतम पारिश्रीमक पनि उपलब्ध गराउने काम पालिकाबाट नहुँदा ऐनले व्यवस्था गरेको परिच्छेद १८ को दफा ११३ को अधिकार प्रयोग गरी हामी करार कर्मचारीले यो माग दावी पेश गरेका हौं । वर्षदिन सम्मपनि सँगै नियुक्ती लिएका

कुनै कर्मचारीलाई निकटताका आधारमा कानून विपरित जिम्मेवार व्यक्तिबाट लेखा शाखामा चिट दिएर पारिश्रमिक खुवाउने तर हामीलाई बञ्चित गर्ने व्यवहारले अँझै निरन्तरता पाएमा ऐनले व्यवस्था गरेका चरणबद्ध आन्दोलनका कार्यक्रम हाम्रो रोजाईमा पर्ने मात्र छैनन् ऐनको परिच्छेद २३ अनुसारको कानूनी उपचारको खोजि गर्न हामी बाध्य हुनेछौ ।

लामो कालखण्डको राजनीतिक, आर्थिक र सामाजिक संघर्षको परिणाम स्वरुप प्राप्त संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाले स्थापित गरेको नागरिकको चुल्होको सरकारका रुपमा रहेको गाउँपालिकाले गएको आर्थिक वर्ष २०७९।८० मा तीनै तहका सरकार (पालिका, प्रदेश र संघ) मार्फत विनियोजित करोडौंको रकम बराबरको काम गराउने तर पालिकाका पदाधिकारी बिचको आन्तरिक किचलो देखाएर पालिका भित्रका कामदारले श्रम गरेको रकम भुक्तानी गर्नुको साँटो फ्रीज फाल्ने, कर्मचारीको पारिश्रमिक नियमित रुपमा दिनुको साँटो तिनै कर्मचारीलाई उत्तेजित पार्न पालिकाकै पदाधिकारीबाट फरक-फरक खालका अभिव्यक्ति आउनु आफैमा स्वभनिय पक्ष होइन् । यसले गाउँपालिकाले करारनामा गरेका हामीजस्ता सयौं करार कर्मचारी र पालिका भित्रका भौतिक संरचनाको काम सम्पन्न गर्दापनि ज्याला रकम नपाएका हजारौ निमुखा कामदारको रोजिरोटी माथि खेलवाड गर्ने काम भएको मात्रै छैन् विभिन्न सञ्चार माध्यममा आएको जानकारी अनुसार भर्खरै सम्पन्न गाउँ कार्यपालिका बैठकले यि यस्ता अत्यावश्यक समस्याको समाधान गर्नुको साँटो कार्यपालिकामा संलग्न पदाधिकारीहरुको नाममा निश्चित कोष विनियोजन गर्नुले पालिकालाई थप अस्थिरताको मार्गमा धकेल्ने काम गरेको छ । हामी पालिका भित्रका करार कर्मचारी र श्रम गरेर रकम नपाएका तमाम कामदारका तर्फबाट पालिकाका पादधिकारी ज्यूहरुलाई तत्काल पारिश्रमिक र काम गरेका योजनाहरुको रकम भुक्तानी यथासक्य गर्न बिनम्रता पूर्वक अनुरोध गर्दछौं । कथमकदाचित हाम्रो यो भद्र अनुरोधलाई निरिहता ठान्ने प्रयास कहिंकतैबाट भएको खण्डमा त्यसपछि हुने जुनसुकै परिणामको जिम्मेवार स्वयम् गाउँपालिका हुनेछ भन्दै यो ध्यानाकर्षण पत्र पेस गरेका छौं ।

***बोधार्थ***

श्री उपाध्यक्ष ज्यू, अदानचुली गाउँपालिका श्रीनगर हुम्ला ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, अदानचुली गाउँपालिका श्रीनगर हुम्ला ।

श्री प्रमुख जिल्ला अधिकारी ज्यू, जिल्ला प्रशासन कार्यालय सिमकोट हुम्ला ।

श्री प्रहरी नायव उपरिक्षक ज्यू, जिल्ला प्रहरी कार्यालय सिमकोट हुम्ला ।

श्री गल्फागार्ड प्रहरी चौकी, श्रीनगर हुम्ला ।